# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८३।०४।१३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सडक डिभिजन कार्यालय, भक्तपुरका इन्जिनियर शैलेन्द्र कुमार चौधरीले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज शैलेन्द्र कुमार चौधरी सुरू नियुक्ति भएको मिति २०६५/०९/११ गतेदेखि गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा २(थ) र दफा ६ को उपदफा (३) बमोजिमको सम्पत्ति विवरण फाराम भरी निजले आयोगमा बुझाएको मिति २०८२/०३/२९ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी निज तथा निजको एकाघर परिवार/सगोलमा रहेका व्यक्तिहरूको आम्दानी तथा खर्चको गणना गरी विश्लेषण गर्दा बैधानिक आय आर्जनका स्रोतहरूमा निजको सार्वजनिक सेवाबाट प्राप्त गरेको पारिश्रमिक/तलब बचत वापतको रकम, जग्गा बिक्रीबाट प्राप्त आय, निजको श्रीमतीको पारिश्रमिक बचत वापतको रकम, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा बापतको रकम, घर बहालबाट कर कट्टपश्चात प्राप्त आय, बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खातामा भएको मौज्दातमा कर कट्टी पश्चात प्राप्त ब्याज आय, जग्गा बैनाबापत प्राप्त रकम, कर्मचारी संचय कोषबाट ऋण लिएको रकम, व्यक्तिगत सापटी लिएको रकम, कृषि आय, बुबाको पेन्सन आयसमेत गरी निज तथा निजका एकाघर परिवारका सदस्यहरूले जाँच अबधिमा बैधानिक रूपमा कूल **रू.२,७२,५५,७६६/०६ (दुई करोड बहत्तर लाख पचपन्न हजार सात सय छैसठ्ठी रूपैयाँ छ पैसा)** आय आर्जन गरेको यसैगरी, सोही जाँच अवधिमा व्ययतर्फका शीर्षकहरूमा जग्गा खरिद, घर खरिद, सवारी साधन खरिद रकम, निज तथा निजको परिवारसमेतको जीवन बिमा गरेबापत कम्पनीहरूलाई बिमा शुल्क भुक्तानी, निजको छोराछोरीहरूको अध्ययन खर्च, बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जाको साँवा तथा व्याज भुक्तानी बापतको रकम, कम्पनीमा लगानी गरेको रकम, विभिन्न व्यक्तिहरूलाई बैंकिङ्ग माध्यमबाट भुक्तानी गरेको रकम, कर्मचारी संचय कोषको ऋण तिरेको रकम, बिद्युतीय उपकरण खरिद, शेयर खरिद, फर्निचर खरिद, घर बैना बापत दिएको रकम, स्वःआर्जित घर निर्माण रकम, टेक्टर खरिद रकम, सुन खरिद र आफ्नो तथा एकाघर परिवारका सदस्यहरूको नाममा रहेको बैंक खातामा भएको मौज्दातसमेत गरी कूल **रू.४,९८,६८,८८९/४२ (चार करोड अन्ठान्नब्बे लाख अठ्सठ्ठी हजार आठ सय उनानब्बे रूपैयाँ बयालीस पैसा)** व्यय (खर्च तथा लगानी समेत) देखिएकोले निज प्रतिवादी शैलेन्द्र कुमार चौधरीको जाँच अवधिको कूल/समग्र आयबाट सोही अवधिको कूल व्यय (खर्च तथा लगानी समेत) घटाउँदा **रू.२,२६,१३,१२३/३६ (दुई करोड छब्बीस लाख तेह्र हजार एक सय तेईस रूपैयाँ छत्तीस पैसा)** कुल बैधानिक आय भन्दा कुल व्यय अधिक हुन गई स्रोत पुष्टि भएको नदेखिएकोबाट उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति एकासगोल परिवारको नाममा समेत रहेको देखिंदा निज शैलेन्द्र कुमार चौधरी र निजको श्रीमती अर्पना

कुमारी उपर देहायको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | सडक डिभिजन कार्यालय, भक्तपुरका इन्जिनियर **शैलेन्द्र कुमार चौधरी** | रू.२,२६,१३,१२३/३६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिएबमोजिमको कसुर गरेको पुष्टि भएकोले बिगो रू. दुई करोड छब्बीस लाख तेह्र हजार एक सय तेईस रूपैयाँ छत्तीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी पाउनका साथै ऐ.ऐनको दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति जफत हुन एवं निजले वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा ऐ.ऐनको दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुनसमेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी शैलेन्द्र कुमार चौधरीको श्रीमती **अर्पना कुमारी** | - | प्रतिवादी शैलेन्द्र कुमार चौधरीले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट निजको श्रीमती अर्पना कुमारीको नाममा खरिद गरिएका तथा कायम रहेका सम्पत्तिहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), ऐ.ऐनको दफा ४७, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका प्रचलित कानुन बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निज अर्पना कुमारीलाई प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने